मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २६ गते शनिबार ❑ 10 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## विश्व बजारमा प्रतिष्पर्धा गर्ने समयानुकुल शिक्षामा जोड दिनुपर्छ: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले विश्व बजारमा प्रतिष्पर्धा गर्ने समयानुकुल शिक्षामा जोड दिनुपर्ने बताउनुभएको छ।

सुदूरपश्चिम सम्पर्क समाज, पश्चिमाञ्चल क्याम्पस पोखराले आयोजना गरेको 'पछ्याणः तेस्रो संस्करण' कार्यक्रममा प्रमुख अतिथि भट्टले सक्षम युवा जनशक्ति तयार पार्न शैक्षिक संस्थाले गुणस्तरीय, व्यवहारिक र सीपमूलक शिक्षालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। उहाँले अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गर्ने शैक्षिक वातावरण निर्माण गर्नुपर्नेमा पनि जोड दिनुभयो।

'विज्ञान तथा प्रविधि अन्तर्गतको इञ्जिनियरिङ शिक्षाको महत्व विश्वभर नै उच्च छ। क्षमतावान प्राविधिकहरुको माग संसारमा बढिरहँदा हामीले प्राविधिक शिक्षालाई विश्वबजारमा प्रतिष्पर्धा गर्ने किसिमले स्तरवृद्धि गर्न आवश्यक पनि छ।' उहाँले भन्नुभयो। दक्ष जनशक्ति विदेश




पलायनको अवस्था भयावह हुँदै गएको बताउँदै उहाँले जनशक्ति पलायनको यो दुरावस्थालाई समयमै नियन्त्रण गर्न जरुरी रहेको बताउनुभयो। 'जनशक्ति पलायनको यो अवस्थालाई नियन्त्रणका लागि गतिलो आधार भनेको प्राविधिक शिक्षाको प्रभावकारी विकास नै हो।' उहाँले भन्नुभयो - 'हरेक युवाले विदेशिनुलाई गौरव मान्ने मानसिकतालाई तोड्दै समृद्ध नेपाल निर्माणमा लाग्नुपपर्छ' हरेक युवाले आफ्नो राष्ट्र प्रतिको दायित्वलाई मनन गर्दै समृद्ध नेपाल निर्माणका लागि अहोरात्र खटिनुपर्ने उहाँले बताउनुभयो। उहाँले थप्नुभयो - 'वास्तविक परिवर्तनका लागि समुदायका सबै तहका वर्ग र समूहको सहभागिता आवश्यक छ। यसमा सबैभन्दा सक्रिय र उर्जाशील तह भनेको युवा वर्ग हो।' 'युवाहरु कसैको उक्साहटमा नलागी, विरोध वा आन्दोलनमा सीमित नभई मुलुकलाई मनमा राखेर सामाजिक सेवा, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा संरक्षण, प्रविधि प्रयोग र उद्यमशीलता जस्ता सकारात्मक गतिविधिमा सक्रिय भई समाज परिवर्तनमा योगदान दिनुपर्ने आवश्यकता छ।' उहाँले भन्नुभयो - 'देश र समाजलाई संस्कार र मर्यादासहित आधुनिक युगमा डोऱ्याउने युवा वर्गले नै हो। तर, युवाहरू जागृत हुन बाँकी नै छ भन्ने महसुस भइरहेको छ।' भट्टले उच्च शिक्षा हासिल गरेका विद्यार्थीलाई आत्मनिर्भर बनाउनका लागि राज्यले उचित नीति र कार्यक्रम अवलम्वन गरी रोजगारी तथा अवसरको सिर्जना गर्न आवश्यक रहेको बताउनुभयो। प्रदेश प्रमुख भट्टले यस कार्यक्रमले विद्यार्थीहरुको सिर्जनशीलता, प्रतिभा तथा सांस्कृतिक चेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउँदै नेपालका इन्जिनियरिङ विद्यार्थीहरूलाई एकताबद्ध गर्न, उनीहरूका नवीन विचारहरू कार्यान्वयनका लागि प्रोत्साहित गर्न र मुलुकको संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने उल्लेख गर्नुभयो। 'पछ्याणः संस्कृतिसँग, पहिचानसँग' मूल मन्त्रका साथ नेपालका ईञ्जिनियरिङ कलेजहरु र प्रविधि क्षेत्रमा उत्साही युवा विद्यार्थीहरुलाई सहभागी गराई झण्डै दुई सातासम्म विविध कार्यक्रम गरी सञ्चालन गरिएको आयोजकले जनाएको छ। सुदूरपश्चिमबाट अध्ययनका लागि पोखरा आएका विद्यार्थीहरु संगठित भएर सन् १९९७ मा यो समाज स्थापना गरेका हुन्।

## अन्नपूर्ण केवलकारमा सशस्त्र प्रहरीको आपतकालीन रेस्क्यु अभ्यास

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

सशस्त्र प्रहरी बल, (नेपाल नं. २४ गण हेडक्वाटर) कालिका कास्कीले अन्नपूर्ण केवलकारमा आपतकालीन उद्धार (रेस्क्यु) अभ्यास गरेको छ।

पोखरा मालेपाटनस्थित कालिका गण र अन्नपूर्ण केवलकार प्रा.लि. पोखराको सहकार्यमा शुक्रबार पोखरा महानगरपालिका-१८ को सिमताल क्षेत्रमा केवलकार आपतकालीन उद्दार सेमुलेशन सञ्चालन गरिएको हो। नेपाल भौगोलिक रूपमा संवेदनशील मुलुक भएकाले भूकम्प, पहिरो, बाढी, आगलागी तथा प्रविधिसँग सम्बन्धित सम्भावित दुर्घटनाको जोखिम सधैं उच्च रहने हुँदा केवलकारमा पनि हुने जोखिमलाई न्यूनिकरण गर्न पनि उक्त अभ्यास तालिम आयोजना गरिएको कालिका गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सूर्यप्रसाद तिमिल्सिनाले बताउनु भयो। पछिल्लो समय केवलकारजस्ता आधुनिक यातायातका साधनको प्रयोग बढ्दै गएको सन्दर्भमा त्यससँग सम्बन्धित आकस्मिक दुर्घटनाको प्रभावकारी व्यवस्थापनका लागि अभ्यास गर्न आवश्यक भएको उहाँको भनाई थियो। प्राकृतिक वा यान्त्रिक खराबीका कारण जुनसुकै समयमा केवलकार बीच बाटोमै रोकिन सक्ने जोखिम रहन्छ। यस्तो अवस्थामा अड्किएका यात्रुलाई तीन घण्टाभित्र



सुरक्षित अवतरण गराउनुपर्ने अन्तर ाष्ट्रिय मापदण्ड रहेको उल्लेख गर्दै एसपी तिमिल्सिनाले अन्नपूर्ण केवलकार राष्ट्रका विशिष्ट व्यक्ति र विदेशी पर्यटकको समेत आगमन हुने महत्वपूर्ण पर्यटकीय पूर्वाधार भएकाले यसको आपतकालीन प्रतिकार्य नेपाल राष्ट्रको सुरक्षा छविसँग समेत जोडिएको बताउनुभयो। यस्तो अभ्यासले उद्धारमा संलग्न सुरक्षाकर्मीको सीप, कला र कौशल विकास गर्नुका साथै विभिन्न निकाय बीच समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउने उहाँले विश्वास व्यक्त गर्नुभयो। सशस्त्र प्रहरी बल, नेपालले २०७२ सालको भूकम्पदेखि पहाडी नदीमा गोताखोरद्वारा खोज तथा उद्धार, रोप रेस्क्यु, मेडिकल फस्ट रिस्पोन्डर लगायत विपद् व्यवस्थापनका विविध क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै आएको छ। विपद् जोखिम न्यूनीकरणको अर्को महत्वपूर्ण पाटो जनचेतना भएको उल्लेख गर्दै सशस्त्र प्रहरीले २०७० सालदेखि समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्दै आएको जनाएको छ।

नागरिकको सेवा र सुरक्षालाई प्राथमिकतामा राख्दै सरोकारवाला सबै निकायसँग समन्वय गरी जोखिम तथा क्षति न्यूनीकरणमा कालिका गण कास्की सधैं तत्पर रहेको सशस्त्र प्रहरीको भनाइ छ। यसैबिच, पोखरा महानगरपालिका प्रमुख धनराज आचायले पोखरामा सहासिक खेलकुदका गतिविधि सहित अन्नपूर्ण केवलकारको यात्रा सुरक्षित गर्न आवश्यक पर्ने सम्पूर्ण विकल्पहरु परिचालन गरी सुरक्षित र भरपर्दा बनाउन आग्रह गर्नुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले सशस्त्र प्रहरी बलले खोज तथा उद्धार क्षेत्रमा पुऱ्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभयो। कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहले सहभागिहरुमा धन्यवाद ज्ञापन गर्नुभएको थियो। कार्यक्रममा विभिन्न सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## माछापुच्छ्रेमा सार्वजनिक सुनवाइ सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

माछापुच्छ्रे गाउँपालिकाले बिहीबार सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ। उक्त कार्यक्रमका सहभागीले स्थानीय सरकारसँग सम्बन्धित गुनासाहरू राखेका थिए।

माछापुच्छ्रे-५ रिभानका प्रचण्ड शक्ति गुरुङले सार्वजनिक कार्यक्रममा युवालाई सहभागी नगराउने रोग अझै कायम रहेको गुनासो गर्नुभयो। स्थानीय केदारनाथ पौडेलले राजनीतिक दलहरूले जनताको हित नगरे पनि सरकारी कर्मचारीले सेवाग्राहीलाई छिटोछरितो सेवा दिए नागरिकले राहत महसुस गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारी कार्यालयका कर्मचारीले पनि पहुँचका आधारमा सेवाग्राहीको काम गर्नु भएन।"

स्थानीय सुरज अधिकारीले पोखरा महानगरपालिकाको खानेपानीको मुहान माछापुच्छ्रेको मर्दी खोला भएकाले यहाँ शव जलाउँदा खानेपानी संस्थान र स्थानीय सरकारले सरसफाइ र संरक्षणमा ध्यान नदिएको बताउनुभयो।

लाहाचोकका गोविन्द्रप्रसाद अधिकारीले नागरिकता, राहदानी, शान्तिसुरक्षामा जिल्ला प्रशासनले सहजीकरण गरिदिन माग गर्नुभयो। माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले सर्वसाधारणको जिज्ञासाबारे जवाफ दिनुभएको थियो। उहाँले जनतालाई सहज रूपमा सेवा दिने उद्देश्यले कार्यालयले आफ्नो सेवा प्रभावकारी बनाएको बताउनुभयो। प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीलाई नागरिकता एवं राहदानी वितरणमा सहज गर्नुका साथै उनीहरूको शान्तिसुरक्षामा ध्यान दिँदै आएको बताउनुभयो।

उक्त अवसरमा स्थानीयका प्रश्नको जवाफ जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, मालपोत कार्यालय, खानेपानी संस्थान, नापी, विद्युत् प्राधिकरण, भौतिक पूर्वाधार, कर कार्यालयलगायतका प्रमुखले जवाफ दिएका थिए।

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा नवप्रवेशी कर्मचारीका लागि तालिम

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

गण्डकी प्रदेश लोकसेवा आयोगबाट सिफारीस भइ प्रदेश तथा स्थानीय तहमा कार्यरत रहेका कर्मचारीहरुको तेस्रो पटक सेवा प्रवेश तालिम शुक्रबार सम्पन्न भएको छ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिषठानको आयोजना पुस २१ गते बाट संचालित सेवा प्रवेश तालीमको समापन समारोह प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेंद्रबाबू तिवारीको अध्यक्षता एव प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशकी सदस्य माननीय कल्पना लम्साल आथित्यतामा राष्ट्रीय परीक्षा बोर्डको सभाहलमा सम्पन्न भएको हो। समापन समारोहमा बोल्दै कार्यक्रमका प्रमुख आतिथि लम्सालले प्रदेश लोक सेवा आयोगले सौद्धान्तिक




र केही व्यवहारिक ज्ञानको परिक्षण गरेर हजुरहरुलाई हजारौ प्रतस्प्रर्धीहरुबाट छनोट गरेको हुन्छ भने जिपिटिए जस्ता तालिम प्रदायक प्रतिष्ठानले हजुरहरुको सिप, व्यवहारिक ज्ञान र क्षमतालाई विकास गरि जनता संग प्रत्यक्ष जोडिने सेवा प्रवालाई सहज बनाउने, सेवा प्रवाहमा कुशलता एव पारदर्शिता कायम गर्न यो तालीम सहयोगी बन्ने कुरा बताउनुभयो।

प्रतिष्ठानका उपसचिव नारायण प्रसाद पौडेलले स्वागत एव कार्यक्रमको समिक्षा प्रस्तुत गर्नुभएको समापन समारोहको संचालन प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत इन्जिनियर मनोज पौडेलले गरेका थिए।

प्रशिक्षण व्यावहारिक र अभ्यासमुलक रुपमा भएकोले दैनिक जीवनमा आईपर्ने समस्याहरुलाई सहज रुपमा समाधान गर्न यस्ता प्रशिक्षण तालिमले महत्वपुर्ण भुमिका खेल्ने सहभागीको तर्फबाट सुमन पौडेल र रविना कुलुङले आफ्ना अनुभव राखेका थिए। कुल ४७ जना सहायकस्तर चौथो र पाचौ तहका प्रशासन/प्राविधिक तर्फका कर्मचारी सहभागी भई पाँच दिन सम्म संचालित सेवा प्रवेश तालिम सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखाको हल र रास्ट्रिय परीक्षा बोर्डको हलमा संचालन भएको थियो।

स्थानीय तहका कर्मचारीको लागी दैनिक काममा सहजता ल्याउने गरी व्यवहारीक कक्षा संचालन गर्नुका साथै स्थानीय तहको काम कर्तव्य अधिकार, खरीद प्रक्रीया, बजेट निर्माण एव


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मेला-महोत्सवको लहर: आर्थिक गतिविधिमा टेवा

**रासस**
पोखरा, २५ पुस

हरेक हिउँद याममा देशैभर मेला-महोत्सवको लहर नै चल्छ । गण्डकी प्रदेश पनि यतिबेला महोत्सवय बनेको छ। ठाउँ र पर्व विशेषका स-साना उत्सव, मेलादेखि जिल्लास्तरमा भइरहेका ठूला महोत्सवले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएका छन् । मेला-महोत्सवको आयोजनाबाट आर्थिक गतिविधि र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरेको छ।

यही पुस ३ देखि १४ गतेसम्म चलेको २१औँ संस्करणको लेखनाथ महोत्सवमा रु ११ करोड २० लाख बराबरको कारोबार भएको आयोजकको दाबी छ । आयोजक लेखनाथ उद्योग वाणिज्य सङ्घका अनुसार तीन लाख ३५ हजार दर्शकले महोत्सव अवलोकन गरे। पोखरा महानगरपालिका-२७ तालचोकमा आयोजित लेखनाथ महोत्सवलाई यस क्षेत्रकै ठूलो महोत्सवका रुपमा लिइन्छ।

आठौँ संस्करणको बागलुङ महोत्सव मङ्गलबार सकियो। बाह्र दिनसम्म सञ्चालन भएको उक्त महोत्सवमा झण्डै रु आठ करोडको कारोबार भएको आयोजक बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले जानकारी दिनुभयो । कला, संस्कृतिको संरक्षणसँगै पर्यटन, कृषि, उद्योग तथा व्यापार प्रवर्द्धनमा महोत्सवले टेवा पुऱ्याएको उहाँले बताउनुभयो । महोत्सवस्थलमा २०० बढी व्यावसायिक कक्ष राखिएका थिए । "मेड इन बागलुङका रुपमा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्रीकक्ष छुट्टै राखिएको थियो", अध्यक्ष शाक्यले भन्नुभयो, "समग्र रुपमा महोत्सव सफल भयो, महोत्सवका बेला आर्थिक गतिविधि चलायमान हुँदा व्यवसायीहरूको मनोबल बढेको छ ।" मेला-महोत्सव मनोरञ्जनस्थल मात्र नभएर पर्यटन र व्यवसाय प्रवर्द्धन गर्ने माध्यम पनि रहेको उहाँको भनाइ छ। आठौँ पर्वत महोत्सव यही पुस ९ देखि १९ गतेसम्म चल्यो । आर्थिक विकास र पर्यटन प्रवर्द्धनको उद्देश्यसहित आयोजित उक्त महोत्सवमा रु पाँच करोड बढीको कारोबार भएको आयोजक पर्वत उद्योग वाणिज्य सङ्घले जनाएको छ। महोत्सवमा १५० भन्दा बढी व्यावसायिक कक्ष राखिएको थियो । विगतका महोत्सवको तुलनामा यस वर्ष दर्शकको सङ्ख्या बढ्दा किनमेल पनि बढेको महोत्सवका मूल संयोजक ठाकुर वि पौडेलले बताउनुभयो।

बाहौँ गोरखा महोत्सव पनि अहिले जारी छ। गोरखा उद्योग वाणिज्य सङ्घको आयोजनामा यही पुस १४ गते सुरु भएको महोत्सव पुस २८ गतेसम्म चल्नेछ। पर्यटकीय राजधानी पोखरामा १४औँ संस्करणको पोखरा महोत्सव यही पुस २९ गतेदेखि माघ ११ गतेसम्म आयोजना हुने भएको छ । आयोजक युनाइटेट क्लब, पोखराका अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधिलाई चलायमान बनाउन महोत्सव आयोजना गरिएको हो। उक्त महोत्सवमा कृषि, उद्योग, हस्तकला, सेवा, अटोलगायत गरी दुई सय ५० वटा व्यावसायिक कक्ष रहनेछन् । महोत्सवबाट व्यावसायिक नाफाघाटा मात्र नसोचेर सामाजिक उत्तरदायित्व पनि बहन गर्दै आएको क्लबले जनाएको छ । क्लबले महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, पर्यटन प्रवर्द्धनलगायत काममा खर्च गर्दै आएको छ । आगामी माघ ८ गतेदेखि २० गतेसम्म नवौँ लमजुङ महोत्सव आयोजना हुँदैछ। लमजुङ उद्योग वाणिज्य सङ्घद्वारा आयोजित उक्त महोत्सवमा २२५ व्यावसायिक कक्ष रहने जनाइएको छ । एक लाख ५० हजार दर्शकले महोत्सव अवलोकन गर्ने अपेक्षा लिइएको लमजुङ उद्योग वाणिज्य सङ्घले जनाएको छ।

अङ्ग्रेजी नयाँ वर्ष २०२६ को छेकोमा यस वर्ष पनि पोखरामा सडक महोत्सव आयोजना गरियो। रेष्टुराँ एण्ड बार एसोसिएसन (रेबान) पोखराद्वारा आयोजित २७औँ संस्करणको सडक महोत्सवले पोखराको पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधि चलायमान बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको 'रेवान' पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो। त्यसअघि पोखरा उद्योग वाणिज्य सङ्घको आयोजनामा ३४औँ राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३औँ क्यान इन्फोटेक सञ्चालन गरिएको थियो । चाडपर्वका मौकामा आयोजना गरिने स-साना मेला-उत्सवले पनि गाउँघरमा उस्तै रौनक थप्ने गरेका छन्।माघेसङ्क्रान्तिपारेरम्याग्दीको बेनी बजार, बागलुङको जैमिनी र पोखराको ढुङ्गेसाँघुलगायतका क्षेत्रमा मेलाको आयोजना गरिँदैछ । यी मेला इतिहास र परम्परासँग जोडिएका छन् । स्थानीय उत्पादन, खेल, कला, संस्कृति, पर्यटन र व्यवसाय प्रवर्द्धनको उद्देश्यसहित मेला-महोत्सवको आयोजना हुने गरेका छन्।

एकैठाउँमा वस्तु तथा सेवाको किनमेल हुने हुँदा महोत्सवले क्रेता र विक्रेता दुवैका लागि महत्वपूर्ण अवसर सिर्जना गर्ने नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका सदस्य नरेश कँडेलले बताउनुभयो । "मेला-महोत्सव भइरहनुपर्छ, यसले व्यवसाय प्रवर्द्धनमा ठूलो भूमिका खेल्छ, स्थानीय उत्पादनको पहिचान र बजारीकरणमा पनि सहयोग पुग्छ", उहाँले भन्नुभयो, "हरेक जिल्लाको आर्थिक विकासको सम्भावना र अवसरको खोजीका लागि पनि यस्ता महोत्सव आयोजना हुनु आवश्यक छ।"

# १४ औं पोखरा महोत्सवलाई संघ संस्थाको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस




१४ औं पोखरा महोत्सव भब्य र सभ्य बनाउन पोखरामा रहेका विभिन्न संघ संस्थाले साथ दिने भएका छन ।

आगामी पुषको २९ देखि माघको ११ सम्म पोखराको अमर सिंह खेल मैदानमा आयोजना हुने १४ औं संस्करणको पोखरा महोत्सवलाई पोखरामा रहेका विभिन्न संघ संस्थाले आ आफ्नो झाँकी तथा र्‍याली सहभागी गराएर सहयोग गर्ने प्रतिवद्धता जनाएका हुन। उनीहरुले पोखरा महोत्सवको उद्घाटन पूर्व पोखराको रंगशाला गेटदेखि आयोजना गरिने झांकी तथा र्‍यालीमा स्व स्फुर्त रुपमा सहभागी भई महोत्सवको सोभा बढाउने समेत निर्णय गरेका छन।

महोत्सव आयोजक युनाईटेड क्लबले आयोजना गरेको संघ संस्था तथा झाँकी र्‍याली अन्तरक्रिया कार्यक्रममा सहभागी उनीहरुले पोखरा महोत्सवको आयोजना गरि युनाईटेड क्लबले विशुद्ध सामाजिक काम गर्ने भएकाले आफुहरुले हरेक महोत्सवमा झांकी र्‍याली सहभागी गराइरहेको र आगामी दिनमा पनि निरन्तरता दिने समेत बताए। सो अवसरमा वोल्दै युनाईटेड क्लबका पूर्व अध्यक्ष तथा १४ औं पोखरा महोत्सवका झाँकी र्‍याली ब्यवस्थापन उपसमिति संयोजक सुक बहादुर गुरुङले पोखरा महोत्सवलाई भब्य र सभ्य बनाउन पोखराका संघ संस्थाहरुको महत्वपूर्ण भुमिका रहेको बताउदै १४ औं पोखरा महोत्सवमा समेत झाँकी र्‍यालीबाट साथ र सहयोग हुने विश्वास ब्यक्त गरे । पोखरा महोत्सवको आम्दानी सामाजिक कामका लागि भएकाले संघ संस्थाहरुले समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा युनाईटेड क्लबले गरेको सामाजिक काममा सहभागीता रहेको समेत गुरुङले बताए । त्यस्तै संघ संस्था ब्यवस्थापन उपसमिति संयोजक सीमा गुरुङले पोखरा महोत्सवको उद्घाटन पूर्व आयोजना गरिने संघ संस्थाको झाँकी र्‍याली कार्यक्रमले पोखरा महोत्सवको सोभा बढाएको बताइन । गुरुङले अघिल्लो वर्ष ३ सय १५ संघ संस्थाले झाँकी र्‍यालीमा सहभागीता जनाएको वताउदै यस वर्षपनि त्यतिनै संख्यामा संघ संस्थाको सहभागीता रहने अपेक्षा रहेको बताइन। सो अवसरमा वोल्दै क्लबका वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले पोखरा महोत्सव विशुद्ध सामाजिक कामका लागि भएकाले सम्पूर्ण पोखरेलीको साथ र सहयोगलेनै पोखरा महोत्सव १४ औं संस्करण सम्म आइपुगेको बताए। क्लबका प्रथम उपाध्यक्ष शान्त बहादुर थापाले सञ्चालन गरेको कार्यक्रममा क्लबका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, संस्थापक अध्यक्ष हिमालय बखेल, क्लबका पदाधिकारी, सल्लाहकार, महोत्सवका विभिन्न उपसमिति संयोजक तथा सल्लाहकार र संघ संस्थाका प्रतिनिधीहरुको सहभागीता रहेको थियो।

# स्वतन्त्र पत्रकार संघ कास्कीमा डिल्लीराम

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस



स्वतन्त्र पत्रकार संघ नेपाल कास्कीको अध्यक्षमा डिल्लीराम काफ्ले चयन भएका छन् ।

संघको शुक्रबार पोखरामा भएको सातौं अधिवेशनले काफ्लेको अध्यक्षतामा ९ सदस्यीय समिति निर्विरोध चयन गरेको हो । संघको उपाध्यक्षमा शिशिर उजाड, सचिवमा मदनराज जैसीं, सहसचिवमा रामकृष्ण अधिकारी र कोषाध्यक्षमा गणेशबज्र लामा चयन भए। सदस्यमा भोजराज उपाध्याय,दुर्गादेवी बास्तोला,मानबहादुर थापा र रामचन्द्र लामिछाने छन् ।

दुर्गा बहादुर शाह संयोजकत्वमा शिवप्रसाद गौतम र अभिमन्युविक्रम राणा सदस्य रहेको निर्वाचन मण्डलले सो समिति चयन गरेको थियो । यसअघि अधिवेशनको उद्धाटन गर्दै मानव अधिकार संरक्षण मञ्च नेपालका पुर्व अध्यक्ष नवदत्त उपाध्याय ढुगांनाले हरेक क्षेत्रमा दलिय राजनिती प्रवेश गरेकाले, राज्यका सबै निकाय कमजोर बन्न पुगेको बताए । उनले विषम परिस्थीतीमा स्वतन्त्र पत्रकारको खबरदारी आवश्यक रहेको बताए । बरिष्ठ अधिवक्ता तिलक पराजुलीले देशमा व्यवस्था परिवर्तन भए पनि नागरिकको अवस्था परिवर्तन हुन नसकेको स्पष्ट पारे । संघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले दलिय पत्रकारका कारण देशले बिभिन्न कालखण्डमा समस्या भोग्दै आएको बताए । संघ कास्कीका अध्यक्ष कृष्णबहादुर रानाभाटको अध्यक्षतामा भएको उद्धाटन कार्यक्रममा पत्रकार महासंघ कास्कीका संस्थापक अध्यक्ष उमाकान्त शर्मा, अग्रज पत्रकार नारायण कार्कीलगायतले विचार भन्दा माथि देश रहेकाले स्वतन्त्र पत्रकारिताको महत्व झनै बढेको बताए । कार्यक्रममा लेखक शिवप्रसाद गौतमले संघलाई आर्थिक सहयोग प्रदान गरे। अध्यक्ष रानाभाटले बार्षिक प्रतिवेदन प्रस्तुत गरेको सभामा स्वागत केन्द्रीय पार्षद सागर कार्की, धन्यवाद उपाध्यक्ष डिल्लीराम काफ्ले र संचालन सहसचिव शिशिर उजाडले गरेका थिए । नवनिर्वाचित कार्य समितिलाई निर्वाचन मण्डलका संयोजक दुर्गा शाह बाबा, सदस्य शिवप्रसाद गौतम, संघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोला, संघ कास्कीका पुर्व अध्यक्ष कृष्ण थापा लगायतले स्वतन्त्र पत्रकारिताको पक्षमा सशक्त आवाज उठाउन सुझाव दिए।

# मानव सेवा आश्रमलाई सूर्यचन्द्र विकास समाजको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस




सूर्यचन्द्र विकास समाज पोखरा ५ मालेपाटनले मानव सेवा आश्रम छोरेपाटनमा खाद्यान्न सामाग्री सहयोग गरेको छ।

शुक्रबार समाजले आश्रममानै पुगेर २० हजार बराबारको खाद्यान्न सामाग्री सहयोग गरेको संस्थाका माहासचिव दिपक बरालले जानकारी दिए। सामाग्री समाजका अध्यक्ष सावित्री कोइराला,वडा ५ का जनप्रतिनिधि वडा सदश्य मणिराम बराल, उपाध्यक्ष हेमराज भण्डारी, जनप्रतिनिधि कल्पना भुवाजी क्षेत्री, पूर्व वडा अध्यक्ष धनबहादुर नेपाली, वडा अन्जु क्षेत्री लगाएत पूर्व अध्यक्ष, अक्षयकोषदाता संस्थाका पदाधिकारी लगाएतले आश्रमका सह-संयोजक सन्जु मोक्तान र सोहि संस्थाका अभिभावक एबम् पोखरा उद्योग बाणिज्य संघका महासचिव शोभा गौतमलाई लाई संयुक्त रुपमा हस्तान्तरण गरेका हुन् । सो अवसरमा बोल्दै संस्थाका अध्यक्ष सावित्री कोइरालाले संस्थाले सामाजिक उत्तरदायित्व अन्रतर्गत बिभिन्न क्षेत्रमा सहयोग गदै आइरहेकोमा यस पटक मावस सेवा आश्रममा सहयोग गरेको बताइन् । उनले आगामि दिनहरुमा पनि यस्ता खालका सहयोग गर्दै जाने उल्लेख गरिन् । जनप्रतिनिधि कल्पना भुवाजी क्षेत्रीले संस्थाको सहयोग प्रति प्रशंसा ब्यक्त गरिन्। उनले वडाको तर्फ पनि आश्रमलाई सक्दो सहयोग गर्ने उल्लेख गरिन् । समाजका उपाध्यक्ष हेमराज भण्डारीले समाजको तर्फबाट आफैले रकम उठाएर सहयोग गर्न पाउँदा खुसी लागेको बताउँदै यस्ता सहयोगहरु फेरी पनि गर्ने प्रतिबद्धता व्यक्त गरे। उक्त आश्रमकि अभिभावका एबम् पोखरा उद्योग बाणिज्य संघका महासचिव शोभा गौतमले सहयोगि संस्था प्रति धन्यबाद ब्यक्त गदै संस्थालाई यस्तै सामाजिक काम गर्न आग्रह गरिन्। उक्त छोरेपाटन आश्रममा हाल ९० जना महिला र बालिकाहरुले आश्रय लिइरहेका छन्। समाजका अध्क्षय साबित्री कोइरालाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव दिपक बरालले गरेका हुन्।


## ईन्लुइन्जा (लू) बाट सुरक्षित रहौं ।

इन्फ्लुएन्जा (फ्लू) बाट बच्नः

- नियमित रुपमा सावुन पानीले हात धुने गरौं।
- खोक्दा वा हाच्छ्यूँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नवसौं।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुखे, थकान) देखिए सावधानी अपनाऔं।
- सफा, ताजा र पोषिलो खाना खाऔं।
- वालवालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## गण्डकी ...

व्यवस्थापन, विकास योजना, भवन निर्माण मापदण्ड, योजना कार्यान्वयन अनुगमन मुल्यांकन, जिन्सी व्यवस्थापन, स्थानीय तहको राज्यस्व अधिकार र परिचालन, उपभोक्ता समितिको काम कर्तव्य र अधिकार, समाजिक सुरक्षा र पञ्जीकरण, अभिलेख व्यवस्थापन, समस्या केन्द्रित अभ्यास र प्रस्तुतीकरण जस्ता विषयवस्तुमा सहजीकरण गर्नुका साथै प्रशासन/प्राविधिक तर्फका नब प्रवेशी सहायकस्तर कर्मचारीहरु प्रशासनिक ज्ञान संगै प्राविधिक ज्ञान पनि हुनु जरुरी भएकोले प्रविधिक विषयवस्तुलाई समेत ध्यानमा राखि अभ्यासको मार्फत प्रशिक्षण गरिएको तालिमका संयोजक तथा व्यवस्थापन एवम प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत इन्जिनियर पौडेलले बताए।

प्रतिष्ठानको आयोजनामा यही मंसीर १४ देखि १९ सम्म प्रशासन तर्फको दुई समुह, २१ देखि २५ गते सम्म एक समुह इन्जिनियरिङ तर्फ र पुस २१ देखि २५ सम्म प्रशासन र कृषी तर्फको दुई समुह गरि १५० जना भन्दा बढी सहायकस्तर चौथो र पाचौ तहका कर्मचारीहरु सेवा प्रवेश तालिम लिई दिक्षीत भईसकेका प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाले बताए।

## अन्नपूर्ण...

सरकारी कार्यालय, पर्यटन व्यवसायी, उद्योग वाणिज्य संघ, संघसंस्था तथा सञ्चारकर्मीको उल्लेखनिय सहभागिता रहेको थियो।

अन्नपूर्ण केवलकारका जनरल म्यानेजर दिनेश पौडेलले हालसम्म केवलकारमा कुनै समस्या नआएको स्पष्ट पार्दै सम्भावित भवितव्यलाई मध्यनजर गरी वैकल्पिक उपायको रूपमा रेस्क्यु तयारी गरिएको बताउनुभयो। "रेस्क्यु प्रणाली पनि सुरक्षाको एक हिस्सा हो, त्यसैले केवलकार यात्रा शतप्रतिशत सुरक्षित छ," उहाँले दाबी गर्नुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# किवी बिक्री नभएपछि जुस उत्पादन गर्दै महिला उद्यमी

**रासस**
बागलुङ, २५ पुस



ताराखोला गाउँपालिकाका महिलाले किवीको जुस उत्पादन गर्न थालेका छन् । महँगो मूल्यमा बिक्री हुने आसमा पाँच वर्ष अगाडि महिलाहरूले गाउँका बारीभरि किवी लगाए पनि अहिले बजार पाउन नसक्दा जुस बनाउन थालेका हुन् ।

उत्पादन बढी भए पनि बजार अभावमा लाखौँको किवी खेर जानबाट रोक्न जुस बनाउन सुरु गरेका हुन् । ताराखोला गाउँपालिका-३ स्थित हिलगाउँमा पँधेराखोला अस्तुरी कृषि समूहका महिलाले बारीमा लगाएको किवी लटरम्म फलेपछि उत्साहित थिए । तर उत्पादनअनुसारको माग नआउँदा उनीहरू चिन्तित छन् । सामान्य मात्रामा नजिकको गलकोट, बागलुङलगायतका बजारमा पठाउने गरेको समूहकी सदस्य देउकुमारी रोकामगरले बताउनुभयो । दुई वर्ष अगाडिबाटै बारीमा लटरम्म किवी फल्न थालेको भन्दै बजारको समस्याले गर्दा आफूहरू मर्कामा पर्ने अवस्था रहेको उहाँले सुनाउनुभयो । यस वर्षमात्रै एक हजार बढी बोतल जुस उत्पादन गरिसकेको उहाँको भनाइ छ । दुई सय ५० मिलीलिटर र आधा लिटरका बोतलमा जुस प्याकेजिङ गरेर अहिले बजारमा ल्याएको रोकामगरले बताउनुभयो । उहाँले भन्नुभयो, "किवीको माग धेरै हुने र पैसा पनि राम्रो पर्छ भन्ने सुनेका थियौँ, धेरैले पनि राम्रो हुन्छ भन्नुभयो र बारीभरि किवी लगायौँ, तर अहिले सोचेजस्तो भएन, बजार पाउनै गाह्रो छ, पाए पनि उचित मूल्य पाउन सकेका छैनौँ, यस वर्ष जुस बनाउने भनेर सुरु गरेका छौँ, माग कस्तो आउँछ ?, परीक्षणमै छौँ, बजार पायो भने हाम्रो जीविकोपार्जनमा सहज हुने थियो ।" समूहकी कोषाध्यक्ष भवी रोकामगरले अहिले सिङगुजी कृषि उपज प्रशोधन केन्द्रमार्फत किवीको जुस बनाउन लागिएको बताउनुभयो । ताराखोला गाउँपालिकाले सात दिनको तालिम दिएपछि जुस उत्पादन गर्न थालेको उहाँको भनाइ छ । उत्पादनलाई बजारीकरण कसरी गर्ने भन्ने मुख्य चुनौती रहेको भन्दै स्थानीय सरकारले थप सघाउने पर्ने रोकामगरले सुनाउनुभयो । अहिलेसम्म आफूहरूले दशौँ लाख लगानी गरिसकेका उहाँको भनाइ छ । स्वास्थ्यका लागि उपयोगी मानिने विकी जुस तयारी भएपछि बढीमा १८ महिनासम्म भण्डारण गर्न मिल्ने गरी प्राविधिक व्यवस्थापन गरिएको छ । गाउँपालिकाले रु तीन लाखमा जुस पेल्ने मेसिन दिएको अध्यक्ष धनबहादुर विकले बताउनुभयो । ताराखोलामा किवीखेतीको ठूलो सम्भावना रहेकाले त्यसका लागि किसानलाई प्रोत्साहित गर्ने काम गर्दै आइरहेको उहाँको भनाइ छ ।

# दमौली-केशवटार जोड्ने सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ पुस

जिल्ला सदरमुकाम दमौलीबाट १४ किलोमिटर दूरीमा पर्ने व्यास नगरपालिका-१४ केशवटार जाने मार्ग ढलान र कालोपत्र गरिएको छ । हाल सो खण्डको नौ किमि सडक पक्की गरिएको हो ।

कूल १४ किलोमिटर दूरीको सडकमध्ये यसअघि सात किमि सडक कालोपत्र गरिएको उक्त सडकमा अहिले प्रदेश सरकारको बजेटबाट दुई किमि सडक ढलान गरिएको छ ।

गण्डकी प्रदेश सरकारको रु पाँच करोड लागतमा नाला निर्माण, सडक विस्तार र कालोपत्र गर्न थालिएको छ । गण्डकी प्रदेश सरकारको अघिल्लो वर्षको बजेटबाट निर्माण कार्य बढाइएकामा उक्त कार्य सम्पन्न भएपछि अब पाँच किमि सडक कालोपत्र हुन बाँकी रहेको वडाध्यक्ष काजीमान श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एक सातादेखि अहिले उक्त खण्डमा सवारी आवतजावत रोकिएको छ । केशवटार-कुलुड हुँदै राजमार्ग भएर दमौली जाने आउने गरेका छन् ।"

दमौली-केशवटार, धरमपानी, बन्दीपुर हुँदै पृथ्वीराजमार्गको डुम्रे बजारसँग जोडेर चक्रपथका रूपमा विकास गर्न लागिएको छ । सहरी पूर्वाधार विकास तथा शासकीय कार्यक्रमअन्तर्गत विश्व बैंकको रु ६ करोड ऋण अनुदान व्यास नगरपालिकाबाट स्वीकृत भएर दोस्रो चरणका लागि प्रक्रिया अघि बढाइएको व्यासका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारबाट रु एक करोड बजेट पुनः विनियोजन भएको तथा केशवटार मोटरमार्ग स्तरोन्नतिका लागि नगरपालिकाले पटकपटक गरी हालसम्म करिब रु चार करोड बजेट विनियोजन गरिसकेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो ।

# आर्थिक सामाजिक जोखिम व्यवस्थापन सूचना प्रणाली प्रभावकारी

**रासस**
बागलुङ, २५ पुस

बेनी नगरपालिकाले प्रयोगमा ल्याएको आर्थिक सामाजिक जोखिम व्यवस्थापन सूचना प्रणाली प्रभावकारी बनेको छ । विकास योजना छनोट, लक्षित समुदायमा कार्यक्रम सञ्चालन, सेवा, सुविधा, अनुदान र सहायता वितरणका लागि लाभग्राही पहिचान, आन्तरिक आम्दानी वृद्धि तथा विपद् व्यवस्थापनका लागि सूचना प्रणाली प्रभावकारी बनेको हो ।

नगरप्रमुख सुरत केसीले प्रविधिको प्रयोग गरेर अनुदान र सहायता वितरणलाई पारदर्शी बनाउँदै 'पार्टी' र 'जाति' हेरेर सेवासुविधा दिने प्रवृत्तिको अन्त्य गरेको बताउनुभयो । "लक्षित समुदाय र आवश्यकता पहिचान गरेर कार्यक्रम सञ्चालन गर्न यो सूचना प्रणालीले सहयोग गरेको छ", उहाँले भन्नुभयो, "पहुँच, सम्बन्ध, भनसुन र दबाबका आधारमा एकै व्यक्तिले दोहोरो, तेहोरो सुविधा पाउने र कसैले नपाउने अवस्थाको अन्त्य गरेका छौँ ।" नगरप्रमुख केसीका अनुसार बेनी नगरपालिकाले नेपालमै पहिलोपटक गत वर्षदेखि सबै घरपरिवारको विस्तृत विवरण रहेको सूचना प्रणाली प्रयोगमा ल्याएको थियो । सफ्टवेयरमा आधारित सूचना प्रणालीमा घरको तस्बिर, परिवारका सदस्य, उनीहरूको रोजगार, आर्थिक, शैक्षिक, स्वास्थ्य अवस्थालगायत ९२ किसिमका सूचना राखिएको छ ।

दश किसिमका व्यक्तिगत सूचनालाई गोप्य राखिएको छ । नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, सचिव र विषयगत शाखाका कर्मचारीको पहुँच हुने प्रणालीको विवरण अद्यावधिक गर्ने अधिकार पनि उनीहरूलाई नै दिइएको छ ।

यही प्रणालीका आधारमा सात हजार ४४० घरमा क्यूआर कोडसहितको विद्युतीय घर नम्बर प्रणाली लागू भइसकेको छ । यसबाट घरधनीको नाम र सम्पर्क नम्बरबाट घरको स्थान पहिचान गर्न सकिनेछ । घरवाहाल करमार्फत आन्तरिक आम्दानी वृद्धिका लागि यो प्रणालीले सहयोग गरेको नगरप्रमुख केसीले बताउनुभयो । सूचना प्रणालीको आधारमा पहिचान भएका ३४० जना विपन्न महिलालाई संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)को सम्बोधन परियोजनामार्फत आयआर्जनमूलक क्रियाकलाप गर्न बीउपुँजीस्वरूप रु २७ हजारका दरले अनुदान वितरण गरिएको छ । थप एक सय जनालाई रु ४० हजारका दरले व्यवसाय सञ्चालन गर्न बीउपुँजी अनुदान वितरण भएको थियो । घरविहीन १३ परिवार नगरवासीका लागि गत वर्ष घर निर्माण गरिदिएको र यस वर्ष थप १३ परिवारलाई घर बनाउनका लागि रु तीन-तीन लाखका दरले अनुदान उपलब्ध गराउन बजेट विनियोजन गरेको उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो । "सूचना प्रणालीको अधिकतम प्रयोग गरेर विकास आयोजना र कार्यक्रमलाई लक्षित समुदायको पहुँचमा पुर्‍याउन सजिलो भएको छ", उहाँले भन्नुभयो, "सहायता, अनुदान, राहत पाउनेहरूको सबै विवरण सफ्टवेयरमा हेरेर जानकारी पाइने भएकाले दोहोरो पर्ने समस्या हटेको हो ।" योजना निर्माण र कार्यान्वयनका लागि आर्थिक सामाजिक जोखिम सूचना प्रणालीले सहयोग गरेको जनप्रतिनिधि र कर्मचारीको अनुभव छ । बेनी नगरपालिका-१ सारेमारेकी अपाङ्गता भएकी शोभा थापाले सम्बोधन परियोजनामार्फत रु २७ हजार बीउपुँजी पाएपछि लैनो भैँसी किन्नुभयो । "घरमा भएको भैँसी बेचेको रु ५० हजार, मसँग भएको रु तीन हजार र २७ हजार बीउपुँजीबाट रु ८० हजारमा लैनो भैँसी किनेर ल्याएपछि घ्यू बेच्न थालेकी छु", उहाँले भन्नुभयो, "बाख्रा, कुखुरा र भैँसी पालेर दुई जना बहिनी र मेरो एक जना छोरीको पढाइ तथा घरखर्च चलाउन ऋण खोज्नुपर्ने अवस्थाबाट मुक्ति मिलेको छ ।" युएनडिपीले 'कोड फ्युजन' कम्पनीमार्फत विकास गरेको सफ्टवेयरको अवधारणा, डिजाइन र विवरण राख्ने काम नगरपालिकाका सूचना प्रविधि अधिकृत खिम खत्री नेतृत्वको कर्मचारीहरूले गरेका थिए । गैरसरकारी संस्था सङ्गममार्फत प्रत्येक बस्तीमा जनशक्ति परिचालन गरेर घरधुरीको विद्युतीय माध्यमबाट विवरण सङ्कलन गरिएको थियो ।

बेनी नगरपालिकाले प्रयोगमा ल्याएको यो प्रणालीलाई म्याग्दीकै मङ्गला, मालिका र अन्नपूर्ण गाउँपालिकाले पनि लागू गर्नका लागि विवरण सङ्कलनको चरणमा रहेका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले पालिकाभित्रका सबै घरपरिवारको वास्तविक अवस्था पहिचान गरी उनीहरूको आवश्यकताका आधारमा योजना, कार्यक्रम बनाउनका लागि सहयोग पुग्ने अपेक्षा गरिएको बताउनुभयो ।

सङ्गम म्याग्दीको प्राविधिक सहयोगमा पालिकाकै जनशक्ति परिचालन गरेर घरघरमा पुगेर विद्युतीय माध्यमबाट विवरण सङ्कलन गरी सफ्टवेयरमा प्रविष्ट गराउने काम भइरहेको बताउनुभयो । सङ्गम म्याग्दीका सम्बोधन परियोजना संयोजक प्रकाश रेग्मीले मालिकामा चार हजार, मङ्गलामा तीन हजार ४०० र अन्नपूर्णमा तीन हजार ४७७ घरपरिवारको विवरण सफ्टवेयरमा प्रविष्ट गराउने काम सकिएको बताउनुभयो । नियमित अद्यावधिक गर्न र प्रयोगका निरन्तरता चुनौती रहेको छ ।

# तनहुँमा एक हजार ५७३ निर्वाचन प्रहरी भर्ना गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, २५ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी भर्ना प्रक्रिया सुरु गरिएको छ ।

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपालको संयुक्त कार्यविधि-२०८२ अनुसार निर्वाचन प्रहरी छनोट, नियुक्ति तथा परिचालनका लागि योग्यता पुगेका नेपाली नागरिकबाट एकीकृत रूपमा दरखास्त आह्वान गरिएको हो । सूचनाअनुसार निर्वाचन प्रहरी पदका लागि तनहुँमा एक हजार ५७३ जना माग गरिएको छ । इच्छुक उम्मेदवारले आजदेखि माघ १ गतेसम्म निवेदन दिनसक्ने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो ।

निर्वाचन प्रहरीमा भर्ना हुनका लागि दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्नेछ । उम्मेदवार नेपाली नागरिक हुनुपर्ने, सामान्य लेखपढ गर्न जान्ने, फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, कुनै राजनीतिक दलको सदस्य नरहेको, शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहेको र आतङ्ककारी वा विध्वंसात्मक सङ्गठनसँगसम्बन्ध नरहेको हुनुपर्ने प्रनाउ विकले बताउनुभयो ।

उचाइ र तौलतर्फ पुरुषको हकमा न्यूनतम उचाइ पाँच फिट तीन इन्च, छाति ३१-३३ इन्च, तौल ५० किलो तथा महिलाको हकमा न्यूनतम उचाइ पाँच फिट, तौल ४२ किलो तोकिएको छ । महिलाको हकमा गर्भवती नभएको वा भइसकेको अवस्थामा सो अवस्था समाप्त भएको हुनुपर्ने शर्त राखिएको छ ।

# गोगन मा.वि.को ५८ औं वार्षिकोत्सव तथा अभिभावक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

पोखरा महानगरपालिका वडा नं. ३२ स्थित गोगन माध्यमिक विद्यालयको ५८ औँ वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभयो । कार्यक्रममा प्रमुख आचार्यले सीमित सरकारी सहयोग र अभिभावकको साथ सहयोगमा विद्यालय व्यवस्थापन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय निरन्तर प्रयासरत रहेको उल्लेख गर्नुभयो । उहाँले आगामी दिनमा विद्यालय अझ उत्कृष्ट बन्दै जाने विश्वास व्यक्त गर्नुभयो । सरकारले विद्यालय शिक्षा निःशुल्क तथा अनिवार्य भनेपनि व्यवहारिक रूपमा पूर्ण कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उहाँले गोगन माध्यमिक विद्यालयका लागि महानगरपालिकाबाट तीन स्थायी दरबन्दी (प्रावि दुई, मावि एक) तथा एक जना स्टाफ नर्सको व्यवस्था गरिएको जानकारी दिनुभयो । साथै विद्यालय व्यवस्थापनका लागि ४५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताउनुभयो ।

विद्यार्थी जीवनमा अनुशासन सबैभन्दा महत्वपूर्ण हुने उल्लेख गर्दै उहाँले पढाइसँगै रुचि र क्षमताअनुसार शिक्षण सिकाइ प्रक्रिया अघि बढाउन शिक्षकहरूलाई आग्रह गर्नुभयो । पोखरामा पूर्वाधार विकासका विभिन्न ठूला परियोजनाहरू अघि बढिरहेको उल्लेख गर्दै महानगरप्रमुख आचार्यले सातमुहानेदेखि फेदीसम्मको सडक निर्माण तथा पोखरा-३२ लामेआहालमा प्रस्तावित क्षेत्रीय बसपार्क एडिबीको सहयोगमा तीन वर्षभित्र निर्माण हुने पक्का भइसकेको जानकारी दिनुभयो । ती परियोजना सम्पन्न भएपछि महानगरवासीले प्रत्यक्ष अनुभूति गर्ने गरी परिणाम देखिने उहाँको भनाइ थियो । पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीको सभापतित्व एवम् शिक्षकद्वय गीता थापा र विनोद भण्डारीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत सहायक प्रधानाध्यापक चन्द्रा थापाले गर्नुभएको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद वरालले वार्षिक प्रगति प्रतिवेदन, भावी कार्ययोजना तथा आय-व्यय विवरण प्रस्तुत गर्नुभयो भने त्रिभुवन शान्ति मा.विका व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र रेग्मी, गोगन मा.वि.भूतपूर्व विद्यार्थी मञ्चका अध्यक्ष किसान परियार, विद्यार्थीद्वय रिदीमा सापकोटा र दिप्ती थापालगायतले बोल्नुभएको थियो ।

उक्त अवसरमा निवर्तमान व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेल सहित निवर्तमान सदस्यहरू, निवर्तमान प्रधानाध्यापक मोहनराज बराल, वि.सं. २०२६ देखि २०५० सालसम्म कार्यरत भूतपूर्व प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष तथा सदस्य, शिक्षक र कर्मचारीहरूलाई महानगरप्रमुख आचार्यले सम्मान गर्नुभएको थियो । उक्त अवसरमा विद्यार्थीहरूले विज्ञान प्रदर्शनी तथा विविध सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

# पुतलीबजार र चापाकोटमा 'ट्रस ब्रिज' निर्माण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २५ पुस



स्याङ्जाको पुतलीबजार नगरपालिका र चापाकोट नगरपालिकामा ट्रस ब्रिज र झोलुङ्गे पुल निर्माण गरिएको छ । पुतलीबजारको नायारणस्थान-मजुवा जोड्ने र चापाकोटको कशेनी-बर्कानटार जोड्ने गरी झण्डै ६७ लाखमा झोलुङ्गे पुल निर्माण गरिएको हो ।

एक वर्षमा सक्नेगरी आर्थिक वर्ष २०८१/०८२ को जेठमा सम्झौता भएको दुबै पुल करिब ६ महिनाको अवधिमा निर्माण सकिएको छ । पुतलीबजार नगरपालिका-१ को नारायणस्थान-मजुवा जोड्ने गरी अरौदीखोलामा ३३ लाख ७६ हजार रुपैयाँको लागतमा झण्डै ३५ मिटर लम्बाईको ट्रस ब्रिज निर्माण भएको छ । उता चापाकोट नगरपालिका-८ स्थित कशेनी-बर्कानटार जोड्ने गरी भुतियाखोलामा झोलुङ्गे पुल बनेको पूर्वाधार विकास कार्यालय स्याङ्जाले जनाएको छ । कशेनीमा बनेको ८० मिटर लम्बाईको झोलुङ्गे पुल ३३ लाख १६ हजार रुपैयाँको लागतमा निर्माण भएको हो । पूर्वाधार विकास कार्यालयमार्फत बनेका दुबै पुल गण्डकी प्रदेश सरकारले निर्माण गरेको हो । अरौदीखोलामा बनेको ट्रस ब्रिजले पुतलीबजार नगरपालिका-१ र ३ का स्थानीयलाई आउजाउमा सहज भएको छ । पुल बनेसँगै मजुवा, बाडखोलाका स्थानीयलाई स्याङ्जा बजार आउजाउ गर्न र स्याङ्जा बजारका स्थानीयलाई प्रगतिनगर हुँदै घुमाउँरो बाटोबाट यात्रा गर्नुपर्ने बाध्यता हटेको स्थानीय राजेश श्रेष्ठले बताए । चापाकोट नगरपालिका-८ को भुतियाखोलामा बनेको झोलुङ्गे पुलले कशेनी र बर्कानटार र माडीतर्फ आउजाउ गर्न सहज भएको स्थानीय कल्पना भुषालले बताइन् । पुलको अभावमा कशेनी-बर्कानटार दुबैतर्फका स्थानीयहरु कृषिउपज ओसारपसार गर्न लामो समयदेखि सास्ती भोग्दै आएका थिए । घुमाउँरो बाटोको यात्रा र कृषिजन्य वस्तुको ओसारपसारमा स्थानीयलाई पुलले सहज बनाएको भुषालले बताइन् । चालु आर्थिक वर्ष २०८२/०८३ मा बनेका दुई पुलसहित जिल्लामा ५ वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार भीरकोट नगरपालिकाको चरांग-साउन्दी जोड्ने गरी धुवादीखोला, हरिनाश गाउँपालिका-३ को बुम्दीललही-बलाम्दी जोड्ने र चापाकोट नगरपालिका-४ स्थित चिलौदीखोलामा घुर्लेचौर-बाहुनडाँडा जोड्ने गरी झोलुङ्गे पुल निर्माण गरिने भएको छ ।

जिल्लामा चालु आर्थिक वर्षमा दर्जन भन्दा बढी झोलुङ्गे पुल निर्माण हुने भएका छन् । संघीय तथा प्रदेश सरकारको विनियोजित बजेट तथा सामुदायिक सेवा केन्द्र स्याङ्जाको समन्वयमा संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा झोलुङ्गे पुल निर्माण हुने भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८२/०९/२५

यस कार्यालयबाट मिति २०८०/१०/१२ कास्की जिल्ला पोखरा ०६, कास्कीमा संचालन गर्ने गरि दर्ता भएको फर्म दर्ता नं. २५९२६/०८०/०८१ को सिक्स सेभेन रेष्टुरेन्ट नामक फर्म बन्द गरी पाउँ भनी प्रोप्राईटर श्री राजेन्द्र गुरुङ स्वंयम उपस्थित भई मिति २०८२/०९/२५ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**